# प्रदेश सरकार

# लुम्बिनी प्रदेश

# हवाई उद्धार सम्बन्धी कार्यविधि,२०७९

आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय

मुकामः बुटवल

**प्रस्तावनाः** प्रदेश भित्र विपदमा परी ज्यान जोखिममा परेका व्यक्तिहरूलाई हवाई उद्धार गरी सुरक्षित स्थानमा अवतरण गराउने तथा घाईते भएका व्यक्तिहरूलाई उपचारको आवश्यकता परेमा अस्पतालमा पुऱ्याई उचित स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने अवस्था सिर्जना गर्न, अन्य माध्यमबाट राहत वितरण गर्न असम्भव भएमा राहत वितरण गर्न र भिषण आगलागीजन्य विपद्को अवस्थामा आगलागी नियन्त्रण गरी नागरिकको जीउ ज्यानको समेत रक्षा गर्न बाञ्छनीय भएकाले प्रदेश सुशासन ऐन,२०७६ को दफा ५३ बमोजिम लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "हवाई उद्धार सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिपरिषद्बाट पारीत भएको मितिदेखि लुम्बिनी प्रदेशभर लागू हुनेछ ।

**२. परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) **"विपद्"** भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ।

(ख) **"ज्यान जोखिममा परेका व्यक्ति"** भन्नाले विपद् जोखिममा परी तत्काल उद्धार एवं उपचार नगरेमा ज्यान जान सक्ने अवस्था भएको व्यक्तिलाई सम्झनुपर्छ ।

(ग) **"मन्त्रालय"** भन्नाले आन्तरिक मामिला कानून तथा सञ्चार मन्त्रालय सम्झनुपर्छ ।

(घ) **"सचिव"** भन्नाले मन्त्रालयको सचिवलाई सम्झनुपर्छ ।

(ङ) **"हवाई उद्धार सेवा"** भन्नाले खण्ड (क) बमोजिम प्रदेश भित्र विपदमा परी ज्यान जोखिममा परेका व्यक्तिहरूलाई हेलिकोप्टरबाट उद्धार गरी सुरक्षित स्थानमा अवतरण गराउने, सिकिस्त घाईते भएका व्यक्तिहरूलाई उपचारको आवश्यकता परेमा अस्पतालमा पुऱ्याउने, विपद्को कारण अन्य माध्यमबाट राहत उपलब्ध गराउन सम्भव नभएमा राहत वितरण गर्ने र भिषण आगलागीजन्य विपद्को अवस्थामा आगलागीलाई नियन्त्रण गरी नागरिकको सुरक्षा गर्ने कार्यलाई सम्झनुपर्छ ।

(च) **"प्राकृतिक विपद्"** भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी बतास,

शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी विष्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ ।

(छ) **"गैरप्राकृतिक विपद्"** भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाण आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक प्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, भिरबाट वा रूखबाट लडेको, ताल पोखरी वा नदिमा डुबेको, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्दार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनुपर्छ ।

**३. <u>हवाई उद्दार सेवा प्रदायक संस्थाको दररेट निर्धारण र खरिद सम्झौता</u>** : (१) हवाई उद्दार सेवा सञ्चालनको लागि हवाईसेवा प्रदायक संस्थाहरूलाई मन्त्रालयमा सूचिकृत हुन ७ दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(२) सूचिकृत हवाई सेवा प्रदायकहरूसँग हेलिकोप्टरको यात्रु क्षमताको आधारमा प्रतिघण्टाका दरले हुन आउने दररेट माग गरी प्राप्त दररेटको औषतका आधारमा प्रति घण्टा लागत अनुमान तयार गरिनेछ । तर नेपाल सरकार तथा हवाई उडययनसँग सम्बन्धित नियामक निकायले जारी गरेको दररेट भन्दा बढी दररेट पेश गर्ने संस्थालाई छनौट प्रक्रियामा समावेश गरिनेछैन ।

(३) स्वीकृत लागत अनुमानको आधारमा हवाई सेवा प्रदायक कम्पनीहरूसँग सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम कोटेशन माग गरी सबैभन्दा न्यून कोटेशन पेश गर्ने कम्पनीसँग चालू आर्थिक वर्षभरिका लागि खरिद सम्झौता गरिनेछ र आवश्यकता अनुसारको समयमा स्वीकृत कोटेशन बमोजिम भुक्तानी हुनेगरी सेवा लिन सकिनेछ ।

तर सो छनौट भएको हवाई सेवा प्रदायक संस्थाबाट सेवा उपलब्ध हुन नसकेमा खरिद सम्झौता रद्द गरी सोही लागत अनुमानमा अन्य सूचिकृत हवाई सेवा प्रदायक संस्थाबाट सेवा लिन बाधा पर्ने छैन ।

४. <u>सूचीकृत हुँदा पेश गर्नुपर्ने कागजातहरू:</u> (१) सूचीकृतको लागि देहाय बमोजिमका कागजातहरू संलग्न गर्नुपर्नेछः-

(क) संस्थाको आधिकारिक निवेदन ।

(ख) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि- (नविकरण समेत),

(ग) नेपाल नागरिक उड्डयन प्राधिकरण तथा हवाई सेवा सम्बन्धी नियामक संस्थाहरूबाट जारी भएका अनुमतिपत्र तथा अन्य यससँग सम्बन्धित अन्य आवश्यक कागजातहरू ।

(ख) विधान/प्रवन्धपत्र वा सोही बमोजिमको कागजातको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको रोयल्टी बुझाएको कागजपत्र,

(च) इजाजतपत्रको नविकरण,अन्य आवश्यक कागजातहरू

(छ) अन्य आवश्यक कागजातहरू

**५. <u>हवाई उद्दार सिफारिस सम्बन्धी व्यवस्था</u>**ः (१) हवाई उद्दारका लागि सिफारिस गर्न देहाय बमोजिमको समितिको व्यवस्था रहनेछ :-

| | |
|---|---|
| क) सम्बन्धित स्थानीय तहको प्रमुख | संयोजक |
| ख) सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ग) सम्बन्धित स्थानीय प्रहरी कार्यालयको प्रमुख | सदस्य |

२) उपदफा १ बमोजिमको समितिले दफा २ को खण्ड (क) बमोजिम विपद्मा परी वा खण्ड (ख) बमोजिम ज्यान जोखिममा परेको व्यक्तिको उद्दारका लागि सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी लिखित निर्णयको प्रतिलिपि सहित समितिको तर्फबाट सबन्धित स्थानीय प्रहरी कार्यालय मार्फत तत्काल मन्त्रालयमा सिफारिस गर्नुपर्ने छ ।

तर समितिको सम्पूर्ण सदस्य उपस्थित भई बैठक बस्न नसकेको अवस्थामा सम्बन्धित स्थानीय प्रहरी कार्यालयले ज्यान जोखिममा परेको व्यक्तिको स्वास्थ्य स्थिति बारे सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीसँग समन्वय गरी निर्णयको प्रतिलिपि सहित मन्त्रालयमा हवाई उद्दारका लागि सिफारिस गर्नु पर्नेछ र सो सिफारिस सम्बन्धमा समितिको अन्य सदस्यलाई लिखित जानकारी दिनुपर्नेछ ।

(३) विपद् जोखिममा परेका व्यक्तिहरूलाई सडक यातायातबाट उद्दार हुन सक्ने, स्थानीयस्तरमै राहत उपलब्ध हुन सक्ने  वा स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन सम्भव भएको अवस्थामा हवाई उद्दार सेवा उपलब्ध गराइने छैन ।

६. <u>**हवाई उद्दार सेवा सम्बन्धी प्रदायक संस्था र मन्त्रालयको भूमिका सम्बन्धी व्यवस्था**</u> : दफा ४ बमोजिम सिफारिस भई आएका विपद् जोखिममा परी ज्यान जोखिममा परेका व्यक्तिहरूको हवाई उद्दार गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(१) मन्त्रालयको सचिवबाट लिखित आदेश प्राप्त हुनासाथ सेवा प्रदायक संस्थाले जति सक्दो छिटो आफ्नो हेलिकोप्टर तोकिएको स्थानमा पठाई विपद् जोखिममा परेको व्यक्तिलाई तत्काल उद्दार गरी नजिकको सरकारी वा सामुदायिक अस्पतालमा वा उपचार गर्न सम्भव भएको अस्पतालमा पुऱ्याउने व्यवस्था गर्नु पर्नेछ ।

(२) दफा २ को खण्ड (क) र (ख) मा उल्लेखित अवस्था परी ज्यान जोखिममा परेका व्यक्ति बाहेक अन्य व्यक्तिको हकमा यो सेवा उपलब्ध हुने छैन,

तर, ज्यान जोखिममा परेका व्यक्तिको स्वास्थ्य अवस्था हेरी एकाघरका सदस्य वा नजिकका संरक्षक गरी बढीमा दुई जनालाई साथमा लैजान हवाई सेवा प्रदायकले व्यवस्था गर्नुपर्नेछ ।

७. <u>**हवाई उद्दार सेवा प्रदायक संस्थाले पेश गर्नु पर्ने विवरण**</u> : हवाई सेवा प्रदायक संस्थाले हवाई उद्दार सेवा प्रदान गरिसकेपछि मन्त्रालयसँग गरेको सम्झौता, आदेश पत्र र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि मन्त्रालयमा निवेदन पेश गर्नुपर्ने छ ।

८. <u>**भुक्तानी सम्बन्धी व्यवस्था**</u> : दफा ७ बमोजिम हवाई सेवा प्रदायक संस्थाले पेश गरेको कागजातका आधारमा मन्त्रालयले प्रदेश विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्नेछ ।

९. <u>**अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन**</u> : (१) विपद् जोखिम तथा अन्य दुर्घटनामा परी ज्यान जोखिममा परेका व्यक्तिहरूको हवाई उद्दार सेवा सम्बन्धी कामको विववरण मन्त्रालयको सम्बन्धित शाखाले अद्यावधिक गरी सोको विवरण सार्वजनिक गर्नुपर्नेछ,

(२) हवाई उद्दार सेवा सम्बन्धी कार्यको आवश्यकता अनुसार मन्त्रालयले अनुगमन तथा मुल्याङ्कन र आवधिक समिक्षा गर्नुपर्नेछ,

१०. <u>**विविधः**</u> (१) ज्यान जोखिममा परहेका व्यक्तिको हवाई उद्दार सेवा सम्बन्धी कार्य सम्बन्धमा बाधा अड्काऊ फुकाउने र संशोधन गर्ने अधिकार प्रदेश मन्त्रिपरिषदमा निहित हुनेछ

(२) यस कार्यविधिमा व्यवस्था गरिएको प्रावधानका सम्बन्धमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ
(३) यो कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न आवश्यक भएमा प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ ।